# जिल्ला विकास समिति ताप्लेजुङको विकास निर्माण तथा आर्थिक बर्ष २०७२/७३ को आर्थिक तथा भौतिक प्रगति बारे मिति २०७३/03/31 मा भएको सार्वजनिक सुनुवाई कार्यक्रमको प्रगति प्रतिबेदन

**१,पृष्ठभूमि** : अहिलेको युग सूचना, संचार र पारशर्दीताको युग हो । सूचना र संचारका कारण आज विश्व समुदाय एक आपसमा नजिकिंदो अवस्थामा छ । विकाश निमार्णमा सेवाग्राहीलाई सन्तुष्ट बनाउदै कार्यप्रणालमिा उनीहरुका राय, सल्लाह तथा परामर्श लिन आवश्यक हुन्छ । सेवा बितरण प्रणाली कति व्यवस्थित वा पारदर्शी छ भन्ने कुरा सेवा प्रदान गर्ने निकायले स्वमुल्याङकन गर्ने प्रणाली सार्वजनिक सुनुवाई हो । सेवाग्राही र सेवा बितरक बीच सार्वजनिक सवाल जवाफ गराउन यो कार्यक्रमको आयोजना भएको हो । जिल्ला विकास समितिको सभाहलमा आयोजित यो कार्यक्रमले बस्तु तथा सेवा प्रवाहका बारेमा जनता र सेवा प्रदायक बीच रहेको मतान्तर कम गर्न सघाउ पुर्‍याएको छ ।




**२,सार्वजनिक सुनुवाईको प्रकृया** : बस्तु तथा सेवाको बितरण प्रणाली बारे शुरुमा सेवा ग्राहीका संभावित सूचनाको खोजी, पहिचान र बिश्लेषण गरिएको र पछि सेवा बितरण बारे आउन सक्ने संभावित प्रश्नावली र यसमा जवाफदेह पक्षलाई सहजकर्ताले तयारी अवस्थामा राख्ने कार्य गरेको थियो । सेवा बितरक संस्थाको बार्षिक नीति तथा कार्यक्रम र आव २०७२/०७३ मा सञ्चालित र सम्पन्न भएका योजना/परियोजना तथा कार्यक्रम बारे संवन्धित कार्यालयका प्रमुख/निमित्त प्रमुखबाट जानकारी हासिल गरिएको थियो । **जिल्ला विकास समिति जिल्ला पशु सेवा कार्यालय महिला तथा वालबालिका कार्यालय र गरिवी निवारण कोषको** यहाँ स्थित पोर्ट फोलियो अफिसको संयुक्त रुपमा सावजनिक सुनुवाई गरिएको थियो । सार्वजनिक सुनुवाईको शुरुमा जवाफदेहि पक्षको भूमिका निर्वाह गर्नेहरुलाई एक लाईनमा तथा जिज्ञासा राख्नेलाई अर्को भागमा आसन गराईएको थियो । साथमा प्रमुख जिल्ला अधिकारी चक्रपाणी पाण्डेले समग्र जिल्लाको शान्ति सुरक्षा र अन्य सवालका पक्ष सहित कार्यालयले आव २०७२/०७३ मा गरेको

प्रगति तथा बितरण गरेको सेवाको उपलब्धी तथ्याङक प्रस्तुत गर्नु भएको थियो । चारवटा निकाय सार्वजनि कार्यक्रमको संयुक्त आयोजक रहे पनि कार्यक्रमको बीचमा जिल्ला वन कार्यालय समेतसंग संवन्धित जिज्ञासा आएपछि सो कार्यालयका प्रमुख माधवप्रसाद देवले समेत राय समाधानको पहल गर्नु भएको थियो ।



## ३,जवाफदेहि पक्ष :

प्रमुख जिल्ला अधिकारी : श्री चक्रपाणी पाण्डे

नि.स्थानीय विकाश अधिकारी : श्री अम्बिकाप्रसाद चौंलागाई

महिला तथा वालबालिका कार्यालय : नि.प्रमुख श्री सीतादेवी बिक

जिल्ला पशु सेवा कार्यालय : प्रमुख श्री दिलिपकुमार देउजा

जिल्ला प्राविधिक कार्यालयका ईन्जिनियर : श्री रामदेवप्रसाद यादव

जिल्ला विकास समिति : शाखा अधिकृत श्री दुर्गाप्रसाद श्रेष्ठ

गरिवी निवारण कोष : पोर्ट फोलियो म्यानेजर श्री गोपालप्रसाद दाहाल

## ४,सुनुवाईका चरणहरु :

१,अध्यक्षता आसन ग्रहण : निमित्त स्थानीय विकाश अधिकारी अम्बिकाप्रसाद चौंलागाई

२,सञ्चालन : सहजकर्ता : खगेन्द्र अधिकारी

३, जिल्ला विकास समितिको विकाश निमार्ण, बर्षभरीका आयोजना तथा ति योजना सञ्चालनका क्रममा भएका प्रकृया र योवना सञ्चालनमा देखिएका कठिनाई बारे जिल्ला विकास समितिको तर्फबाट किार्यालयका निमित्त स्थानीय विकाश अधिकारी अम्बिकाप्रसाद चौंलागाई र शाखा अधिकृत दुर्गाप्रसाद श्रेष्ठ,जिल्ला पशु सेवा कार्यालयका तर्फबाट कार्यालय प्रमुख दिलिपकुमार देउजा,महिला तथा वालबालिका कार्यालयका तर्फबाट निमित्त प्रमुख सीतादेवी बिक,गरिवी निवारण कोषका तर्फबाट यहाँ स्थित पोर्ट फोलियो म्यानेजर गोपालप्रसाद दाहालको आज्ञाले नेपाल महिला उद्यमी संघका गरिवी निवारण कोष

कार्यक्रम संयोजक किरण पौडेलले प्रस्तुति गर्नु भएको थियो । कार्यक्रममा आ-आफ्नो निकायको बार्गिक गतिविधी बिवरण पेश गर्ने निकायले कार्यक्रम सञ्चालन र यसका पद्धति, खर्चको बिवरण,काम गर्ने तरिका, शिर्षकगत खर्च र बाँकी कार्य जानकारी गराउनु भएको थियो ।

४, सार्वजनिक सुनुवाईमा पालना गरिने आचार संहिताको बारेमा जानकारी : सहजकर्ता खगेन्द्र अधिकारीबाट

५, सुनुवाईका लागि जिज्ञासा राय, सल्लाह र सुझावका लागि हल खुल्ला भएको जानकारी

६, माईक व्यवस्थापन : जिविस खरिदार श्री सचिन रेग्मी

७, सवाल टिपोट : जिविस सहलेखापाल श्री भोलाप्रसाद सिग्देल

## ५,सार्वजनिक सुनवाईमा उठेका मुख्य सवालहरु :

### (क) जिल्ला विकास समिति

१,हरेक बर्ष मोटो रकम किन फ्रिज हुन्छ ?

२, बजेट फ्रि हुनुमा को दोषी ? उभोक्ता समिति,जिविस कर्मचारी वा दुबै ?

३,उपभोक्ता समिति सम्झौताका लाति तयार नहुनुमा को बढी जिम्मेवार हुन्छ ?

४, आम्दानी तथा खर्चको बिवरण प्रस्तुत गर्दा उलपब्धी सय प्रतिशत वा त्यस्तै ईगिंत गरेर भनिन्छ, जति खर्च भो त्यति उपलब्धी हुन्छ भनेर मापन गर्ने बिधी के ? यसो भन्न मिल्छ ?

५,स्थानीय निकायले लक्षित बर्ग शिर्षकमा छुट्याएको रकम लक्षित वर्गमै खर्च भए/नभएको बारे अनुगमन गर्ने बिधी के हो ? योजना अनुगमनमा जाँदा यसका बारेमा कसैले अनुगमन गरेको छ त ?

६, ताप्लेजुङ सदरमुकामको फोहोर व्यवस्थापनका लागि नगरपालिकाले बेग्लै र जिल्ला विकास समितिले बेग्लै ल्याण्ड फिल्ड साईड खोजेको तर दुबै पूरा नभएको अवस्थामा देखिएको फोहोरको समस्या निराकरणका लागि कसको भूमिका के हुन्छ ? दुबैले जिम्मेवारीबाट पन्सिएर जस्तो गर्न पाईन्छ ?

७,महिलाका लागि छुट्टिने बजेटलाई अरु शिर्षकमा खर्च गर्ने प्रणाली अन्त्य गर्न जिल्ला विकास समितिले के लबिङ गरिरहेको छ ?

८,बजेट फ्रिज रोक्न बर्षेनी प्रतिबद्धता जनाईन्छ तर काम हुदैन किन ?

९,बजेट फ्रिजको अवस्था रोक्न जिल्ला विकास समितिको के भूमिका हुन्छ ?

१०,उपभोक्ता समितिमा दलका मान्छे समेत रहेको अवस्थाको कुरा समेत सुनियो, वास्तविक अवस्था के हो ?

११, विकाश निमार्णका योजना अनुगमन गर्ने बिधी के ? अनुगमनका सूचक कसरी तयार गरिन्छ ?

## (ख) महिला तथा वालबालिका कार्यालय

१,महिला तथा वालवालकि कार्यालयको कति बजेट किन र कसरी फ्रिज भयो ?

२, लैगिंक हिंसा बिरुद्धकन कार्यक्रम तय गर्दा गाविसको छनौट कसरी गरियो ? छनौटका मापदण्ड के ?

३,वाल अधिकारको क्षेत्रका कार्यक्रम तय गर्दा केन्दिय र जिल्ला वाल कल्याण समितिसंग दोहोरो कार्यक्रम नपर्ने गरी निर्धारण गर्ने भनिएको छ ? दोहोरो नपर्ने गरी निर्धारण गर्न के बिधी अपनाईन्छ ?

४,वालबालिकाका लागि तय गरिएको कार्यक्रम र बजेट ज्यादै सानो भयो, यसले समग्र वालबालिकाको सर्वागिंण विकाशमा सघाउ पुर्‍याउला त ?

५,बार्षिक कार्यक्रम तय गर्दा महिला र वाल संरक्षणका लागि संवन्धित पक्षसंग छलफल हुन्छ या यत्तिकै तय गरिन्छ ?

## (ग),जिल्ला पशु सेवा कार्यालय

१,पशु सेवा केन्द्र साब्लाखुका कर्मचारी नन्दु ताम्लिङको कार्यशैली के हो ? यिनलाई कारवाही गर्ने की नगर्ने ? कर्मचारीलाई छाडा छाडेर हुन्छ ?

२,पशु सेवा कार्यालयको बजेट कति र के कारणले फ्रिज भयो ?

३,मासु प्रर्बद्धन कार्यक्रमका लाति तय भएका योजना के-के हुन् ?

४,गाँउमा रहेका पशु सेवा केन्द्रका कर्मचारीको नियमित कार्य सञ्चालनको रेखदेखर नियमन कसरी भई रहेको छ ?

५,बर्षभरीमा पशु सेवा कार्यालयले कुन शिर्षकमा, कुन गाविसमा कति खर्च गर्‍यो ? खर्च गर्ने बिधी कस्ता थिए ?

६,भूगोललाई हेरेर पशु संवन्धी गाँउ-गाँउमा कार्यक्रम तय गर्न सकिदैन ? सकिन्छ भने कसरी तय हुन्छ ?

७,पशु सेवा कार्यालयले चालुआवमा सम्पादन गरेको र आगामी आवका लागि तय भएका नयाँ र प्रभावकारी कार्यक्रम के थिए ?

## (घ)गरिवी निवारण कोष,पोर्ट फोलियो अफिस :

१,आर्थिक बर्ष २०६९।०७० मा गरिवी निवारण कोषलाई प्राप्त हुने रकम कनि रोकिएको थियो ? पछि कसरी फेरी निकासा भयो ?

२,गरिवी निवारण कोषले कति योजना कसरी छान्छ ? ति योजनामा कसरी बजेट स्विकृत गरिन्छ ?

३,योजना र बजेट तय गर्दा अपनाईने बिधी के हो ? माग अनुसार योजना हो या अन्य ?

### (ङ) <u>जिल्ला वन कार्यालय</u>

१,साब्लाखु गाविसमा त्यहाँको वनलाई सरकारीकरण गरिन्छ भन्दै वनका मान्छे आएका छन् भनेर किन भेला गराएको ? वन कार्यालयका आधिकारिक व्यक्ति र आधिकारिक पत्र बेगर मान्छे उपस्थित स्थानीयलाई किन तनावमा पारेको ? यसको जिम्मा कसले लिने ?

### (च) <u>जिल्ला प्रशासन कार्यालय</u>

१,टेलिकमले अप्टिकल फाईवार बिछ्याउन भनेर खनेको सडक फेरी मर्मत नगर्दा भएको क्षतिको जिम्मा कसले लिने ?

२, यो मार्ग हिलाम्य हुंदा समेत संवन्धित पक्ष मौन बस्दा यहाँको प्रशासनिक निकायले किन हस्तक्षेप नगरेको ?

**६,सुनुवाईमा उठेका जिज्ञासा, राय र सल्लाह सुझाव माथिको टिप्पणी** : सुनुवाईको क्रममा उठेका सवाल अनुसार संवन्धित जवाफदेहि पक्षको पहिचान गरी उसै मार्फत सामाधान दिने कोशिश गरिएको थियो । संवन्धित निकायका तर्फबाट क्रमश जिल्ला प्रशासनबाट प्रजिअ चक्रपाणी पाण्डे,जिल्ला विकास समितिको तर्फबाट निमित्त स्थानीय विकाश अधिकारी अम्बिकाप्रसाद चौंलागाई र शाखा अधिकृत दुर्गाप्रसाद श्रेष्ठ,पशु सेवा कार्यालयको तर्फबाट कार्यालय प्रमुख दिलिपकुमार देउजा,महिला तथा वालवालिका कार्यालयका तर्फबाट निमित्त प्रमुख सीतादेवी विक,गरिवी निवारण कोषका तर्फबाट पोर्ट फोलियो म्यानेजर गोपालप्रसाद दाहाल र जिल्ला वन कार्यालयको तर्फबाट कार्यालय प्रमुख माधवप्रसाद देवले जवाफ दिनु भएको थियो । संवन्धित कार्यालयले आफ्नो निकायका लागि उठेका जिज्ञासा, राय र सल्लाहलाई आगामी कार्य सम्पादनमा प्रयोग गर्दै लैजाने प्रतिबद्धता जनाउनुभएको थियो ।

**७, कृतज्ञता ज्ञापन** : कार्यक्रममा सेवाग्राही र सहभागीको जिज्ञासा, राय र सल्लाह सुझावलाई मनन गर्दै आगामी दिनमा कार्य सम्पादन गर्दा लागु गर्ने प्रतिबद्धता सहित जिल्ला विकास समितिका शाखा अधिकृत दुर्गाप्रसदा श्रेष्ठले उपस्थित महानुभाव प्रति कृतज्ञता ज्ञापन गर्नु भयो भने प्रमुख जिल्ला अधिकारी चक्रपाणी पाण्डेले आ-आफ्नो निकायका लागि उठेका सवाल बारे आयोजनामा उठेका सवालका बारेमा बढि संबेदशिल बन्न आग्रह गर्नुभयो ।

**८, धन्यवाद सहित कार्यक्रमको समापन** : कार्यक्रममा जवाफदेहिको रुपमा रहनु भएका निमित्त स्थानीय विकाश अधिकारी अम्बिकाप्रसाद चौंलागाईले सेवाग्राहीबाट आफुहरुलाई कार्य सम्पादन गर्ने क्रममा उपयोग गर्नुपर्ने बारे अति उपयोगी राय सुझाव प्राप्त भएको र सार्वजनिक सुनुवाईमा सहभागी तथा आयोजक रहेका कार्यालयले सेवाग्राही प्राप्त सुझावलाई मध्यनजर गर्दै अघि बढ्न कुनै कसर बाकी नराख्ने भन्दै कार्यक्रम समापन भएको निबेदन गर्नुभयो ।

*<u>प्रतिबेदक</u>*

***खगेन्द्र अधिकारी***

ताप्लेजुङ नगरपालिका वार्ड नं ४, ताप्लेजुङ